नेपाली राजदूतावास
EMBASSY OF NEPAL
LONDON,U.K.

# प्रेस सूचना

बेलायतमा नेपालीहरुको बढ्दो उपस्थितिसँगै उहाँहरुलाई नेपालसँग जोडिराख्न तथा विदेशमा हासिल गरेको अनुभव, सीप र दक्षतालाई नेपालको विकास तथा आर्थिक रुपान्तरणका लागि अधिकतम प्रयोग गर्न र यस्ता व्यक्तिहरुलाई नेपालको सम्बन्धित एवं सरोकारवाला निकायहरुसँग जुटाएर अन्तर्किया गरी त्यस्तो सम्पर्कलाई क्रमशः संस्थागत र दिगो बनाउने उद्देश्यले यस राजदूतावासले यही २४ र २५ फेब्रुअरी २०२४ का दिन २ दिने **अन्तर्क्रिया कार्यक्रमको** आयोजना गर्यो। स्वास्थ्य, शिक्षा, कानून, लेखा, ईञ्जिनियरिङ, सूचना प्रविधि, आर्थिक विकास तथा लगानी जस्ता विषयहरुमा अनुभवप्राप्त एवं प्राज्ञिक व्यक्तित्वहरुले आफुले हासिल गरेका ज्ञान, अनुभव र विशेषज्ञतासहितको प्रस्तुतीकरण गर्नुभएको उक्त अन्तर्क्रिया कार्यक्रममा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालय, आयोग, विश्वविद्यालय पेशागत संगठनहरु एवं नीजि क्षेत्रका तर्फबाट भर्चुअल माध्यामबाट उच्च तहको प्रतिनिधित्व भएको थियो।

दुई दिने अन्तर्क्रिया कार्यक्रमलाई भिडियो सन्देशमार्फत सम्बोधन गर्दै माननीय परराष्ट्रमन्त्री श्री नारायण प्रसाद साउदज्यूले नेपालको विकासका लागि विदेशमा रहेका नेपालीहरुको सहयोग पुऱ्याउने चाहना एवं तत्परतालाई समुचित रुपमा उपयोग गर्न पराराष्ट्र मन्त्रालयले भूमिका खेल्ने बताउँदै राजदूतावासको यस प्रयासले नेपाली डायस्पोराको ज्ञान, सिप, अनुभव जस्ता मानवीय पुंजीहरुलाई नेपालको विकासमा सदुपयोग गरिने जानकारी गराउनु भएको थियो। महामहिम राजदूत श्री ज्ञानचन्द्र आचार्यले बेलायतमा रहेका नेपालीहरुले हासिल गरेको ज्ञान, अनुभव र सम्पर्क संजाललाई नेपालको आर्थिक सामाजिक रुपान्तरणका लागि उपयोग गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो।

उक्त कार्यक्रमको पहिलो सत्रमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुबाट प्रस्तुतीकरण रहेको थियो, जसमा नेप्लिज डक्टर्स एशोसियसन यूकेका अध्यक्ष डा. सञ्जिव नेपाली, Health Exchange Nepal बाट डा. रमेश खोजु तथा नेपाल नर्सिङ एशोसियसनकी अध्यक्ष श्री सुनिता गौतम थापाले आफ्नो संस्थाका क्रियाकलापहरु, नेपालमा संचालित स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु तथा आगामी दिनमा गर्न सकिने सहकार्यका विषयमा उल्लेख गर्नुभएको थियो। डा. कमल अर्यालले नेपालको स्वास्थ्य क्षेत्रमा गर्न सकिने सहयोग र अस्पताल व्यवस्थापन सम्बन्धमा अनुभवी डा. बच्चुकैलाश कैनीले बेलायतको National Health Service र नेपालमा वहाँको अस्पताल संचालनको अनुभव राख्दै त्यसबाट नेपाली स्वास्थ्य संस्थाहरुले लिनुपर्ने पाठका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। त्यसैगरी अक्सफोर्ड विश्वविद्यालयको अक्सफोर्ड भ्याक्सिन ग्रुपमा कार्यरत डा. सोनु श्रेष्ठ तथा डा. प्रमिला रिजालले एण्टिबडिज तथा खोप अनुसन्धानमा आफुहरुले नेपालमा गरेको सहकार्य र आगामी सहकार्यका बारेमा प्रस्तुति दिनुभएको थियो। Research Institute for Bioscience & Biotechnology का Co-founder श्री प्रज्जवल राजभण्डारीले नेपाल तथा बेलायतबीच अनुसन्धानमा सहकार्य गर्ने विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त प्रस्तुतीकरणहरु उपर स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. टंकप्रसाद बराकोटी, नेपाल

EMBASSY OF NEPAL, 12A KENSINGTON PALACE GARDENS, LONDON W8 4QU
Tel: 020 7229 1594, Fax: 020 7792 9861 Email: consular@nepembassy.org.uk

मेडिकल काउन्सिलका अध्यक्ष डा. चोपलाल भुषाल र नेपाल नर्सिङ एशोशियसनकी अध्यक्ष श्री सरला केसीले राय/प्रतिक्रिया दिनुभएको थियो ।

त्यसैगरी शिक्षा तथा मानव विकास सत्रमा डायस्पोराका तर्फबाट ओपन युनिभर्सिटिमा कार्यरत नेपाल एजुकेशन डेभलपमेण्ट ट्रस्टका अध्यक्ष डा. सगुन श्रेष्ठ र डा. पृथ्वी श्रेष्ठले नेपालको विद्यालय शिक्षाका क्षेत्रमा ट्रस्टको तर्फबाट भएका र अन्य अनुसन्धानका कार्यहरुका सम्बन्धमा चर्चा गर्नुभएको थियो । त्यसैगरी Water Sanitation, Hygiene का क्षेत्रमा डा. ओम गौतमले स्वच्छ खानेपानी तथा सरसफाईको महत्वका बारेमा चर्चा गर्नुभएको थियो । अन्तर्क्रियामा प्रत्यक्ष सहभागी हुन नसक्नु भएका अक्सफोर्ड विश्वविद्यालयका प्रा. दिवाकर आचार्यको तर्फबाट उहाँको प्रस्तुतीकरणका मुख्य बुँदा पढेर सुनाइएको थियो । उक्त प्रस्तुतिहरु पश्चात शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री सुरेश अधिकारी, त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. कृष्णप्रसाद बस्याल, काठमाण्डौ विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. अच्युत वाग्ले र पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. दिपक बहादुर भण्डारीले आगामी दिनमा गर्न सकिने सहकार्य र प्रस्तुतिका विषयमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

पहिलो दिनको दोस्रो सत्रमा कानून सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका ज्ञाता प्रो. डा. सुर्यप्रसाद सुवेदीको एक भिडियो प्रस्तुतीकरण गरिएको थियो । त्यस्तै नेप्लिज लयर्स एशोसियसनका अध्यक्ष तथा ब्यारिष्टर श्री दिपक भट्टराईले नेपालका कानूनी व्यवस्थामा रहेका चुनौती तथा सहयोगका सन्दर्भमा बोल्नुभएको थियो भने युवा ब्यारिष्टर श्री स्नेहा श्रेष्ठले बेलायतको फौजदारी कानूनी व्यवस्थाका सम्बन्धमा चर्चा गर्नुभएको थियो । प्रस्तुतीकरणका सम्बन्धमा सर्बोच्च अदालतका रजिष्ट्रार श्री विमल पौडेल, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यलयका सचिव श्री लिलादेवी गड्तौला, कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालयका सहसचिव श्री अरुणा जोशी र नेपाल वार काउन्सिलका अध्यक्ष श्री गोपालकृष्ण घिमिरेले आ-आफ्नो प्रतिक्रिया दिनुभएको थियो । त्यसैगरी लेखा सम्बन्धी सत्रमा Institute of Chartered Accountants of India (ICAI), UK Chapter का अध्यक्ष श्री कृष्णप्रसाद दाहालले नेपाललाई एकाउण्ट्समा कसरी Global outsourcing centre बनाउने भन्ने सम्बन्धमा सुझाव दिनुभएको थियो भने नेप्लिज एकाउन्टेन्ट्स एशोसियसनका अध्यक्ष श्री शशीधर नेपाल तथा वहाँको टोलीका सदस्यहरु युव न्यौपाने, समिरनाथ प्याकुरेल र सुरेन्द्र ढुंगानाले बेलायतमा व्यापारिक संस्थाको स्थापना र लेखा सम्बन्धी व्यवस्था तथा त्यसको ढाँचा र त्यस सम्बन्धी कानूनी व्यवस्थाका साथै लेखापरीक्षण प्रणालीका विषयमा चर्चा गर्नुभएको थियो । उक्त प्रस्तुतीकरणमा महालेखा परिक्षकको कार्यालयका तर्फबाट उपमहालेखा निरीक्षक श्री पद्मराज पौडेल एवं नेपाल चार्टर्ड एकाउन्टेन्ट्स एशोसियसनका उपाध्यक्षले टिप्पणी गर्नुभएको थियो ।

अन्तर्क्रियाको दोस्रो दिनको पहिलो सत्रमा ईञ्जिनियरिङ र सूचना प्रविधिका विषयमा छलफल गरिएको थियो । त्यस क्रममा सोशाइटी अफ नेप्लिज इन्जिनियर्सका अध्यक्ष श्री रुद्र कोइरालाले आफ्नो संस्थाको बारेमा जानकारी गराउँदै नेपालमा उक्त संस्थाले गर्दै आएको क्रियाकलापहरुका बारेमा बताउनु भएको थियो भने सोही संस्थाका तर्फबाट अन्य सदस्यहरुमध्ये श्री प्रेम लम्सालले सडक सुरक्षा, डा. बिरेन्द्र श्रेष्ठले नेपालमा पैदल यात्रीको सुरक्षा र डा. विनोदलाल अमात्यले काठमाण्डौं उपत्यका मेट्रो रेल परियोजना सम्बन्धी बिषयमा प्रस्तुति दिनु भएको थियो । त्यसैगरी बेलायतको सूचना प्रविधि कम्पनीमा कार्यरत श्री निरञ्जन कुँवरले नेपालमा सूचना प्रविधि क्षेत्रमा सहकार्य गर्ने विषय र Cyber security का विषयमा चर्चा गर्नुभएको थियो । नेपालका तर्फबाट सडक विभागका महानिर्देशक श्री शुशिल वावु ढकाल, सिडीई श्री विनोद भट्टराई, संचार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव श्री अनिल कुमार दत्त, नेपाल ईञ्जिनियरिङ परिषदका अध्यक्ष प्रा डा पद्म बहादुर शाही, नेपाल इञ्जिनियरिङ संघका अध्यक्ष

डा. हरीबहादुर दर्लामी, नेपाल उद्योग परिसंघका तर्फबाट उपाध्यक्ष श्री वीरेन्द्रराज पाण्डे र नेपाल उद्योग वाणिज्य महासंघका तर्फबाट महानिर्देशक श्री गोकर्णराज अवस्थीले राय/प्रतिक्रिया दिनुभएको थियो ।

चौथो सत्रमा विकास अर्थशास्त्र एवं अर्थ नीतिका विषयमा कार्डिफ विश्वविद्यालयका प्रा. कुल लुइटेलले नेपालको अर्थतन्त्रमा रहेका समस्याहरु, तिनको निराकरणका लागि सुझावहरु तथा सहकार्यका संभावित क्षेत्रहरु सम्बन्धमा प्रस्तुतीकरण दिनुभएको थियो । त्यसैगरी हल विश्वविद्यालयमा प्राध्यापनरत डा केशव भट्टराईले नेपालको पञ्चबर्षिय योजनाका समस्याहरु तथा विकासका लागि गतिशिल रणनीति तर्जुमा गर्नुपर्ने विषयमा आफ्नो धारणा राख्नुभएको थियो । साथै वित्तीय विश्लेषण तथा लगानी अभिबृद्धि सम्बन्धी विषयमा Goldman Sachs मा कार्यरत श्री सुजन अधिकारीले बैंकिक क्षेत्रमा क्रेडिट जोखिम व्यवस्थापनको विषयमा चर्चा गर्नुभएको थियो भने बेलायतस्थित Oppenheimer कम्पनीमा कार्यरत श्री रवि कार्कीले सम्पत्ति व्यवस्थापन र लगानीका विषयमा धारणा राख्नु भएको थियो । त्यसैगरी Artificial Intelligence मा आधारित कम्पनीका सञ्चालक युवा उद्यमी श्री प्रदीप सिंहले बेलायतमा उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहनका लागि गरिएका कार्यहरु नेपालमा समेत उदाहरण हुनसक्ने विषयमा प्रस्तुती गर्नुभएको थियो । सो अवसरमा प्रस्तुत भएका धारणाहरुका सम्बन्धमा राष्ट्रिय योजना आयोगका सचिव डा. तोयानारायण ज्ञवाली, अर्थ मन्त्रालयका सहसचिव श्री श्रीकृष्ण नेपाल तथा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरले आ-आफ्नो राय/प्रतिक्रिया दिनुभएको थियो ।

नेपाली डायस्पोराका तर्फबाट बिभिन्न पेशा तथा व्यवसायमासंलग्न व्यक्तिहरु, व्यवसायीक संघ संस्थाका प्रतिनिधिहरु, प्राध्यापकहरु, अर्थशास्त्रीहरु तथा सम्बन्धित क्षेत्रमा अध्ययनरत नेपाली विद्यार्थीहरु गरी करीव २०० जना जति सहभागिता भएको उक्त दुई दिने अन्तर्क्रियाका अधिकांश प्रस्तुतकर्ता/सहभागीहरुले संख्यात्मक तथा गुणात्मक हिसावले बढ्दै गएको बेलायतको व्यवसायिक एवं दक्ष डायस्पोराले हासिल गरेको अनुभव, ज्ञान, सिप तथा पुँजीलाई नेपालको समग्र विकासका लागि उपयोग गर्नुपर्ने र विदेशी लगानी र ज्ञानको सदुपयोग गर्नुपर्ने वातावरण बनाउन नीतिगत प्रशासनीक तथा व्यवहारीक अवस्थालाई प्राथमिकताका साथ अभिमूखीकरण गर्नुपर्ने सुझावहरु प्राप्त भएका थिए । नेपालका विभिन्न सरकारी एवं नीजि क्षेत्रबाट आगामी दिनमा आपसी सहकार्यका लागि आफु तत्पर रहेको जानकारी दिनुभयो ।

कार्यक्रमको समापन गर्दै महामहिम राजदूतले नेपाली डायस्पोराले हासिल गरेको विशेषज्ञता र सहयोगका लागि व्यक्त गरेको प्रतिबद्धताको सराहना गर्दै क्रमश: यस्तो किसिमको योगदानलाई नीति निर्माण एवं कार्यक्रम निर्माणमा संलग्न गराउन पहल गर्दै संस्थागत गर्न प्रयास गरिने कुरा पनि व्यक्त गर्नुभयो । नेपालको रुपान्तरणमा डायस्पोराले ठूलो भूमिका खेल्न सक्ने जानकारी गराउँदै सम्पूर्ण सहभागीहरुलाई सहभागिताका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

२६ फेब्रुअरी २०२४

नेपाली राजदूतावास, लण्डन

नेपाली राजदूतावास
लण्डन